राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ५८ २०८३ भदौ ३० गते मंगलवार (15 Sep. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

॥ ॐ श्री बलभद्राय नम: ॥

श्री धर्म संस्था ब्याहुत कलवार चौरासी

## ब्याहुत सेवा समिति (कलवार कुट्टी)

जनकपुरधाम-४ (नेपाल)

## श्री बलभद्र जयन्ती पूजन समारोह

## हार्दिक निमन्त्रणा

परमपिता परमेश्वरको असीम अनुकम्पा तथा श्री बलभद्र भगवानको कृपाबाट व्याहुत सेवा समितिद्वारा **२०८३ आश्विन १ गते विहिवार**का दिन श्री बलभद्र जयन्ती पूजनोत्सव विविध धार्मिक, सामाजिक तथा सांस्कृतिक कार्यक्रमका साथ भव्य रूपमा मनाउन लागिएको छ। अत: समस्त स्वजातीय बन्धु-बान्धवहरूलाई आग्रह छ कि सपरिवार अनिवार्य उपस्थित भई पूजन समारोहमा भव्यता प्रदान गरी कार्यक्रमलाई सफल बनाउन हार्दिक अनुरोध गर्दछौं ।

## पूजनोत्सवअन्तर्गत साप्ताहिक कार्यक्रम तालिका

**मिति : २०८३ भाद्र २७ गते, शनिबार**

दौड प्रतियोगिता

समय : बिहान ७:०० बजे संयोजक : **दिनेश कुमार साह** मो. : ९८२५८७६०४०

चित्रकला प्रतियोगिता

समय : दिउँसो ३:०० बजे संयोजक : **अमित कुमार साह** मो. : ९८१६८००११०

मिति : २०८३ भाद्र २८ गते, आइतबार

हाजिरीजवाफ प्रतियोगिता

समय : दिउँसो १:०० बजे संयोजक : **राजेश कुमार साह** मो. : ९८१७८७५८१२

**मिति : २०८३ भाद्र ३० गते, मंगलबार**

भोजन कार्यक्रम स्थान : मानव सेवा आश्रम आयोजक : मूल समिति

**मिति : २०८३ भाद्र ३१ गते, बुधबार**

सरसफाइ तथा वृक्षरोपण कार्यक्रम

समय : बिहान ७:०० बजे संयोजक : **बसन्त प्रसाद साह** मो. : ९७०७१९६८३९

**मिति : २०८३ आश्विन १ गते, विहिवार**

**कलश भरण तथा शोभायात्रा** समय : बिहान ८:०० बजे आयोजक : युवा मञ्च तथा महिला मञ्च
**पूजन शुभारम्भ** : समय : बिहान ९:३० बजे **दिवा भोजन** समय : बिहान ११:०० बजेदेखि ४:०० बजेसम्म
संयोजक : **महेश कुमार साह** मो. : ९८०७६२४३७०

**रक्तदान कार्यक्रम**

समय : बिहान ११:०० बजेदेखि संयोजक : **मौसम विक्रम साह** मो. : ९८१२०२८४९१

**ज्येष्ठ नागरिक सम्मान कार्यक्रम**

समय : दिउँसो २:०० बजे संयोजक : मूल समिति

**प्रसाद वितरण**

समय : साँझ ४:०० बजेदेखि संयोजक : **गणेश प्रसाद साह** मो. : ९८१४८९५०८७

**महाआरती**

समय : साँझ ७:०० बजे संयोजक : महिला मञ्च

मिति : २०८३ आश्विन २ गते, शुक्रबार

**वृद्धाश्रममा खाद्यान्न वितरण कार्यक्रम**

*आयोजक : मूल समिति, युवा मञ्च तथा महिला मञ्च*

**हार्दिक अनुरोध**

श्री बलभद्र जयन्ती पूजन समारोहलाई धार्मिक आस्था, सामाजिक एकता, सेवाभाव र पारस्परिक सद्भावको उत्सवका रूपमा सफल बनाउन सम्पूर्ण स्वजातीय बन्धु-बान्धवहरूको सक्रिय सहभागिताका लागि हार्दिक अनुरोध गर्दछौं । *जय श्री बलभद्र भगवान् !*

शिव शंकर साह (मुन्ना)
महासचिव
मो. ९८०४८८८८४८

श्याम प्रसाद साह
अध्यक्ष
मो. ९८५४०२२५४८

# भिठामोड नाकाबाट पौने आठ अर्बको कृषिजन्य वस्तु आयात

## स्वदेशमै उत्पादन गर्न सकिने कृषि उपजसमेत भारतबाट आयात, कृषि क्षेत्रमा बढ्दो परनिर्भरता

*-वीरेन्द्र कर्ण*



जनकपुरधाम, २९ भदौ । आर्थिक वर्ष २०८२/०८३ मा महोत्तरीको भिठामोड नाका हुँदै भारतबाट ७ अर्ब ७४ करोड ७ लाख २२ हजार रुपैयाँ मूल्य बराबरका खाद्यान्न, दलहन, तेलहन, तरकारी, फलफूल तथा प्रशोधित कृषिजन्य र खाद्य पदार्थ नेपाल भित्रिएका छन् ।

क्वारेन्टाइन कार्यालय, जलेश्वरका अनुसार स्वदेशमै उत्पादन गर्न सकिने कृषि उपजसमेत ठूलो परिमाणमा भारतबाट आयात हुन थालेपछि नेपालको कृषि क्षेत्रमा परनिर्भरता बढ्दै गएको देखिएको छ । कार्यालयका निमित्त प्रमुख किशोरकुमार यादवका अनुसार उक्त अवधिमा २२ करोड ९८ लाख ३७ हजार ५८९ किलोग्राम विभिन्न कृषिजन्य तथा खाद्य वस्तु आयात भएको छ ।

प्राप्त तथ्यांकअनुसार गत आर्थिक वर्षमा खाद्यान्नतर्फ मात्रै ४६ करोड ७२ लाख ५३ हजार ८५६ रुपैयाँ मूल्य बराबरको ७० लाख ७० हजार ५०९ किलोग्राम भारतीय चामल आयात भएको छ ।

यसैगरी, १ अर्ब ४९ करोड ५३ लाख ९ हजार ८२४ रुपैयाँ मूल्य बराबरको ३ करोड ९१ लाख ५७ हजार ३८३ किलोग्राम अन्य खाद्यान्न आयात भएको कार्यालयले जनाएको छ। त्यस्तै, ३० करोड ६० लाख ४८ हजार २१० रुपैयाँ मूल्य बराबरको ३० लाख ५२ हजार ८० किलोग्राम विभिन्न प्रकारका दलहन र ५० लाख ७० हजार रुपैयाँ मूल्य बराबरको ६५ हजार किलोग्राम तेलहन आयात भएको छ ।

भारतबाट भिठामोड नाका हुँदै ६९ करोड ९९ लाख ६१ हजार रुपैयाँ मूल्य बराबरको ९७ लाख २४ हजार ८८२ किलोग्राम ताजा फलफूलसमेत नेपाल भित्रिएको छ। त्यस्तै, १ अर्ब ३६ करोड

बाँकी पृष्ठ ३मा

# चौठचन्द्र र तीजमा मिथिलाञ्चल झुम्यो

## चन्द्रपूजासँगै तीजको व्रत र आराधना; घर-आँगनदेखि बजारसम्म पर्वको रौनक

दैनिक समाचारदाता



जनकपुरधाम, २९ भदौ । जनकपुरधामसहित मिथिलाञ्चलमा सोमवार चौठचन्द्र तथा हरितालिका तीज पर्व श्रद्धा, भक्ति र हर्षोल्लासका साथ मनाइएको छ। दुवै पर्व एकै दिन परेकाले मिथिलाञ्चलका गाउँदेखि सहरसम्म धार्मिक तथा सांस्कृतिक रौनक देखिएको थियो ।

मिथिलाको मौलिक संस्कृति र परम्परासँग जोडिएको चौठचन्द्र पर्वका लागि बिहानैदेखि घरघरमा विशेष तयारी गरिएको थियो । पर्वका सामग्री खरिद गर्नेको चहलपहल जनकपुरधामसहितका स्थानीय बजारमा समेत उत्सवको माहोल देखिन्थ्यो ।

भाद्र शुक्ल चतुर्थीका दिन मनाइने चौठचन्द्रमा विशेषगरी महिलाहरूले दिनभर व्रत बसेर साँझ उदाउँदो चन्द्रमाको पूजा गर्ने परम्परा छ। पर्वका लागि घर तथा आँगन सरसफाइ गरी गोबरले लिपपोत गर्ने र आँगनको मध्यभागमा विभिन्न आकृतिका अरिपन बनाउने चलन छ।

अरिपनमा दीप प्रज्वलन गरी चन्द्रदेवको पूजा गरिन्छ। पूजाका क्रममा फलफूल, मिठाई, दहीलगायतका प्रसाद सामग्री चन्द्रमालाई अर्पण गर्दै अर्घ्य दिने

बाँकी पृष्ठ ३मा

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

# नेपालमा भाषा आयोगको औचित्य

## सम्पादकीय

### पोखरी जोगाउने परीक्षा

गुठीका पोखरी तथा पोखरीका डिलमा भएका अतिक्रमित संरचना हटाउन सम्बन्धित व्यक्ति तथा संस्थालाई थप १५ दिनको समय दिइनु सकारात्मक कदम हो। तर, यो समय थप्ने निर्णय अतिक्रमण हटाउने अभियानलाई कमजोर बनाउने बहाना बन्नु हुँदैन। बरु यसलाई स्वेच्छिक रूपमा अतिक्रमण हटाउने अन्तिम अवसरका रूपमा प्रयोग गर्नुपर्छ।

गुठी संस्थानले यसअघि भदौ १९ गते सार्वजनिक सूचना जारी गरी सात दिनभित्र अनधिकृत संरचना आफैँ हटाउन आग्रह गरेको थियो। भदौ २७ गतेदेखि संरचना हटाउने तयारी भए पनि अनुगमनका क्रममा केही व्यक्तिले आफैँ संरचना हटाउन थालेको र थप समय माग गरेपछि १५ दिनको अतिरिक्त समय दिइएको हो। सम्बन्धित पक्षले संरचना आफैँ हटाउने तत्परता देखाएका कारण तत्काल बल प्रयोग नगरी समय दिनु व्यावहारिक देखिए पनि अब थप ढिलाइ गर्ने अवस्था भने आउनु हुँदैन।

गुठीका पोखरी केवल पानी जमाउने ठाउँ मात्र होइनन्। मिथिलाको धार्मिक, सांस्कृतिक र सामाजिक जीवनसँग पोखरीको गहिरो सम्बन्ध छ। जनकपुरधामका पोखरीहरू यहाँको सभ्यता, संस्कार र धार्मिक परम्पराका साक्षी हुन्। यस्ता सार्वजनिक तथा सांस्कृतिक सम्पदा अतिक्रमणमा पर्दै जाने हो भने त्यसको असर वर्तमान पुस्तामा मात्र होइन, भावी पुस्ताको पहिचानमा समेत पर्छ।

अझ दुःखद पक्ष के हो भने अतिक्रमण क्रमशः बढ्दै जाँदा कतिपय पोखरीको जलक्षेत्र र डिल नै साँघुरिँदै गएका छन्। आवास, व्यापार वा अन्य प्रयोजनका लागि सार्वजनिक तथा गुठी सम्पत्तिमा संरचना निर्माण गर्ने प्रवृत्तिले कानुनी शासनमाथि नै प्रश्न उठाउँछ। राज्यको सम्पत्ति व्यक्तिको स्वेच्छामा प्रयोग गर्न दिने हो भने सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने राज्यको दायित्व नै अर्थहीन हुन्छ।

देवान पोखरी, मध्यमा सर, रुक्मिणी सर, विडाल सर, गोन्ही पोखरी, ठाडी पोखरी, लवकी पोखरी, कपालमोचनी सर, पुरन्दर सर, लक्ष्मण सर, पापमोचनी सर, अग्निकुण्ड, सीताकुण्ड र विहारकुण्डलगायतका पोखरीमा अतिक्रमित संरचना हटाउने प्रक्रिया अघि बढ्नु त्यसैले महत्वपूर्ण छ। तर संरचना हटाएर मात्र दायित्व पूरा हुँदैन। हटाइएका क्षेत्रको पुनःअतिक्रमण रोक्ने, सीमाङ्कन स्पष्ट गर्ने र नियमित अनुगमन गर्ने व्यवस्था पनि उत्तिकै आवश्यक छ।

डोजर प्रयोग गर्दा थप क्षति हुनसक्ने अवस्थालाई ध्यानमा राख्दै सम्बन्धित व्यक्तिलाई आफैँ संरचना हटाउने अवसर दिनु उचित हो। तर, तोकिएको १५ दिनभित्र पनि संरचना नहटाइए राज्यले कानुनअनुसार दृढतापूर्वक अघि बढ्नुपर्छ। सार्वजनिक सम्पदा संरक्षणमा पहुँच, प्रभाव वा राजनीतिक दबाबका आधारमा फरक व्यवहार गरिनु हुँदैन।

पोखरी संरक्षणलाई केवल अतिक्रमण हटाउने अभियानका रूपमा सीमित गर्नु पनि पर्याप्त हुँदैन। पोखरीको जलाधार क्षेत्र, डिल, निकास र आसपासको वातावरण संरक्षणसँग जोडेर दीर्घकालीन योजना आवश्यक छ। स्थानीय तह, गुठी संस्थान, पुरातत्वसम्बन्धी निकाय र नागरिक समाजबीच समन्वय गरी संरक्षणको स्थायी संयन्त्र निर्माण गर्नुपर्छ।

अहिले थपिएको १५ दिन गुठी संस्थान र सम्बन्धित निकायका लागि पनि परीक्षा हो। यस अवधिपछि साँच्चिकै अतिक्रमण हट्छ कि फेरि नयाँ म्याद थपिन्छ भन्ने प्रश्न महत्वपूर्ण छ। वर्षौंदेखि अतिक्रमणमा परेका पोखरीलाई कागजमा मात्र होइन, व्यवहारमै अतिक्रमणमुक्त बनाउन सके मात्र यो अभियानको औचित्य पुष्टि हुनेछ।

गुठीका पोखरी बचाउनु भनेको केवल पानीका स्रोत जोगाउनु होइन, मिथिलाको इतिहास, संस्कृति र सामुदायिक स्मृति जोगाउनु पनि हो। त्यसैले यसपटकको अभियान परिणाममुखी हुनैपर्छ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : विहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : विहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : विहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : विहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।



डा. नवीनबन्धु पहाडी

भाषा बचाउनु भनेको शब्द बचाउनु मात्र होइन, एउटा सभ्यता, एउटा स्मृति र एउटा संसार बचाउनु हो। इतिहासका अनेक आरोह-अवरोह, सङ्घर्षका अनगिन्ती गाथाहरू हाम्रा बिचमा भाषाले नै जोगाएर राखेको छ। अथवा भनौँ संसारलाई सभ्यताको यो खुड्किलोसम्म ल्याइपुऱ्याउने र ज्ञानको सङ्ग्रहलाई यतिविधि सजिलो भाषाले नै बनाइदिएको छ।

मानिसले पहिलो पटक संसारलाई आँखाले भन्दा धेरै भाषाले चिनेको हो। आमाको काखमा सुनेको पहिलो शब्ददेखि मृत्युको अन्तिम क्षणमा उच्चरित हुने अन्तिम सम्बोधनसम्म भाषाको सहाराले मान्छेले आफ्ना भावहरू अभिव्यक्त गरेको हुन्छ। जीवन भाषाको अदृश्य डोरीले बाँधिएको हुन्छ। मानिसले आफूलाई आफू भनेर चिन्न पनि भाषाकै सहारा लिन्छ। त्यसैले भाषा केवल विचार अभिव्यक्त गर्ने माध्यम होइन, भाषा आफैँमा विचार निर्माणको प्रस्थान बिन्दु हो। जर्मन दार्शनिक मार्टिन हाइडेगरको प्रसिद्ध अभिव्यक्ति छ, 'ल्याङ्वेज इज द हाउस अफ बिइङ' अर्थात् भाषा अस्तित्वको वासस्थान हो। मानिसको अनुभूति, स्मृति, इतिहास, संस्कृति, दर्शन, प्रेम, पीडा, हास्य र आशा सबै भाषाको भण्डारभित्र सङ्गहित हुन्छन्। कुनै भाषा मर्छ भने शब्दको एउटा सूची मात्र हराउँदैन; त्यससँगै संसारलाई हेर्ने एउटा विशिष्ट दृष्टि, पुस्तौँ-पुस्ताले सङ्कलन गरेको ज्ञान, जीवन अनुभवको सिङ्गो भण्डार पनि रित्तिन्छ। भनौँ, भाषा हराउनु एक सिङ्गो समुदायको कला, संस्कृति र विरासतको सम्पूर्ण गाथाको विलयन हुनु हो। अर्थात् भाषाको प्रश्न केवल व्याकरणको प्रश्न होइन। यो सदियौँदेखि बन्दै आएको आम नेपालीको सभ्यता, संस्कृति कलाको उज्यालोका बारेमा भएको प्रश्न र सँग-सँगै लोकतन्त्र, समानता, सामाजिक न्याय, राष्ट्रिय एकता, सांस्कृतिक अधिकार र नागरिक पहिचानको पनि सवाल हो।





नेपाल भौगोलिक रूपमा सानो भए पनि भाषिक दृष्टिले समृद्ध भूगोल हो। हिमालदेखि तराईसम्म, पूर्वदेखि पश्चिमसम्म अनेकौँ भाषा, भाषिका र बोलीचालीका रूपहरूमा नेपाली समाजले आफ्ना अनुभव, भोगाइ तथा इतिहासलाई सुरक्षित राखेको छ। कुनै भाषामा हिमाल बोल्छ। कुनैमा नदी। कुनैमा वन र चराचुरुङ्गीका सूक्ष्म नामहरू छन्। कुनैमा कृषि र प्रकृतिसम्बन्धी पुस्तौँ पुरानो ज्ञान। कुनै भाषामा लोकगीतको मिठास छ भने कुनैमा मिथक। आख्यान र मौखिक इतिहासको विराट संसार छिपेको छ।

यी सबैको साझा परोक्ष अभिभावक नेपालको संविधान हो र त्यसले व्यवस्था गरेको भाषा आयोग। त्यसैले नेपालमा भाषा आयोगको अवधारणा मूलतः भाषिक विविधतालाई राज्यको जिम्मेवारीसँग जोड्ने लोकतान्त्रिक प्रयत्नको महत्वपूर्ण कडी पनि हो।

***भाषा आयोगको आवश्यकता***

आधुनिक नेपाल राज्य निर्माणको लामो इतिहासमा धेरैलाई सहज बन्दै गएको एउटा भाषा प्रशासन, शिक्षा र सार्वजनिक जीवनमा प्रभावशाली बन्दै गयो भने अन्य धेरै भाषाहरूको प्रयोग घर, समुदाय र सांस्कृतिक क्षेत्रमा सीमित हुँदै गए।

यस्तो अवस्थामा भाषिक समानताको प्रश्न स्वाभाविक रूपमा उठ्छ। चाहेर नचाहेर भाषालाई समय र मानवीय गतिविधिले शक्तिशाली र कमजोर बनाउँदै पनि जाँदो रहेछ। त्यसलाई राज्यले समान न्याय, समान अधिकार र संरक्षणको नीतिले जोगाउँदै लैजानुपर्ने हुँदो रहेछ।

लोकतन्त्रले केवल मानिसलाई मतदानको अधिकार दिएर पूर्णता प्राप्त गर्दैन। नागरिकले आफ्नो भाषा, संस्कृति र पहिचानसहित राज्यमा उपस्थित हुन पाउने अवस्था सिर्जना गर्नु पनि लोकतन्त्रको अनिवार्य पक्ष हो। एउटा बालकले विद्यालयमा प्रवेश गर्दा उसको घरमा बोलिने भाषा अचानक 'कम मूल्यवान' भएको अनुभूति गर्छ भने शिक्षाको ढोका खुलेर पनि उसको आत्मविश्वासको ढोका बन्द हुन सक्छ।

एउटा वृद्धले आफ्नो मातृभाषामा व्यक्त गर्न सक्ने जीवनानुभूति राज्यको अभिलेखमा कहिल्यै नआए त्यो ज्ञान पुस्तान्तरणको प्रक्रियाबाट हराउन सक्छ। यस अर्थमा भाषा आयोगको मूल दर्शन यस्तो हुनुपर्छ- 'कुनै भाषा सानो बनाइएका हुन सक्छन् तर कुनै पनि भाषा सानो हुँदैन।'

भाषाको सामर्थ्य वक्ताको संख्याले मात्र निर्धारण गर्दैन। कुनै भाषाका वक्ता थोरै हुन सक्छन्, तर त्यो भाषाभित्र सयौँ वर्षको संस्कृति, वनस्पति-ज्ञान, उपचार पद्धति, कृषि अनुभव, लोकसाहित्य र सामुदायिक स्मृति सुरक्षित हुन सक्छन्। युनेस्कोले पनि भाषिक विविधतालाई मानवताको साझा सम्पदाका रूपमा लिएको छ। उसका अनुसार संसारमा बोलिने हजारौँ भाषामध्ये ठुलो हिस्सा लोपोन्मुख अवस्थामा छ। करिब ४० प्रतिशत भाषाहरू लोप हुने जोखिम यात्रा गरिरहेका छन्। एउटा भाषा हराउनु भनेको त्यससँग सम्बन्धित संस्कृति र ज्ञान प्रणालीमा अपूरणीय क्षति मात्रै होइन सिङ्गो समुदायको इतिहासको विलोपन पनि हो। त्यसैले एउटा भाषाको संरक्षण हुँदै गर्दा सिङ्गो सभ्यता र त्यो समुदायको संरक्षण भइरहेको हुन्छ।

***भाषिक दर्शनको दृष्टिविन्दुमा संविधान***

नेपालको संविधान २०७२ को धारा ६ ले 'नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन्' भनी स्पष्ट पारेको छ। यो वाक्य छोटो भए पनि यसको राजनीतिक र दार्शनिक अर्थ अत्यन्त गहिरो छ। यसले राज्यको दृष्टिमा नेपाली मात्र होइन, नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्रिय सम्पदाका रूपमा स्वीकार गरेको छ। धारा ७ ले देवनागरी लिपिमा लेखिने 'नेपाली भाषा' लाई नेपालको सरकारी कामकाजको भाषा मानेको छ। साथै प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रादेशिक कानुनबमोजिम सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ।

भाषासम्बन्धी अन्य विषय भने भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गर्ने संवैधानिक व्यवस्था छ। यस व्यवस्थाको दार्शनिक सौन्दर्य के हो भने संविधानले एकता र विविधता दुवैलाई स्वीकार गरेको छ। नेपाली भाषालाई सरकारी कामकाजको साझा माध्यम बनाउनु राष्ट्रिय प्रशासनिक एकताका लागि उपयोगी छ। तर त्यससँगै अन्य मातृभाषालाई राष्ट्रभाषाका रूपमा स्वीकार गर्नु भाषिक लोकतन्त्रको आधारमा तथा आम नेपालीको साझा सांस्कृतिक पहिचान, परम्परा र इतिहासप्रतिको सम्मान हो।

अर्थात् संविधानले भन्न खोजेको सन्देश यस्तो स्पष्ट छ- राज्य एउटै हुनु पर्छ तर भाषा एउटै हुनुपर्छ भन्ने छैन।

तर, भाषाको प्रश्न शिक्षासँग जोडिएर आउँदा झनै संवेदनशील हुन पुग्छ। नेपालको संविधानको धारा ३१ (५) ले नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने तथा त्यसका लागि विद्यालय र शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने अधिकार दिएको छ। यो व्यवस्था केवल भाषिक सुविधा होइन; ज्ञान प्राप्त गर्ने लोकतान्त्रिक अधिकार पनि हो।

साना केटाकेटीले संसारलाई पहिलो पटक जुन भाषामा बुझ्छन्, त्यही भाषामा ज्ञानको पहिलो ढोका खोल्नु स्वाभाविक हुन्छ। युनेस्कोले पनि प्रारम्भिक शिक्षामा मातृभाषाको महत्वलाई जोड दिएको छ र मातृभाषामा हुने सिकाइले व्यक्ति, संस्कृति तथा समाजमा सकारात्मक परिणाम ल्याउने उल्लेख गरेको छ। यसैले मातृभाषा र शिक्षा अलग-अलग विषय होइनन्।

मातृभाषामा शिक्षा भनेको बालबालिकाको बौद्धिक सम्मान हो। सँग-सँगै यहाँ केही गम्भीर प्रश्नहरू पनि छन्। संविधानले मातृभाषामा शिक्षा लिने अधिकार दिएको छ। के त्यस अधिकारलाई व्यवहारमा लागू गराउने पर्याप्त पूर्वाधार छन् ? के सबै मातृभाषामा पाठ्यपुस्तक छन् ? के प्रशिक्षित शिक्षक छन् ? के मानकीकृत व्याकरण र शब्दकोश छन् ? के यस विषयमा डिजिटल सामग्री छन् ? तत्-तत् विषयमा अध्यापन गराउनका लागि शिक्षक उत्पादन गर्ने प्रणाली छ वा छैन ? स्थानीय सरकारमा मातृभाषा अनुवाद डेस्क छ वा छैन ?

संविधान जारी भएको एक दशक भइसकेको छ। भाषा आयोग बनेको पनि त्यति नै समय हुन लागेको छ तर आम नागरिकले यसबारे कुनै जानकारी पाएका छैनन्। यिनै प्रश्नहरूको उत्तरबाट भाषा आयोगको वास्तविक जिम्मेवारी सुरु हुन्छ।

***भाषा आयोगको औचित्य***

नेपालको संविधानको धारा २८७ ले भाषा आयोगको संवैधानिक व्यवस्था गरेको छ। संविधान प्रारम्भ भएको मितिले एक वर्षभित्र प्रदेशहरूको प्रतिनिधित्व हुने गरी भाषा आयोग गठन गर्ने व्यवस्था गरिएको थियो। आयोगमा अध्यक्षका अतिरिक्त आवश्यक सङ्ख्यामा सदस्य रहने र अध्यक्ष तथा सदस्यको पदावधि नियुक्तिको मितिले ६ वर्ष हुने व्यवस्था छ।

आयोगको वास्तविक महत्व यसको संरचनामा होइन, यसलाई दिइएको कार्यादेशमा छ। संविधानको धारा २८७ (६) अनुसार आयोगका प्रमुख जिम्मेवारी चारवटा महत्वपूर्ण क्षेत्रमा केन्द्रित छन्। पहिलो, सरकारी कामकाजको भाषाको आधार निर्धारण। दोस्रो, भाषाको संरक्षण, संवर्धन र विकास। तेस्रो, मातृभाषाको शैक्षिक सम्भाव्यता अध्ययन र सुझाव। चौथो, अध्ययन, अनुसन्धान र अनुगमन।

यी चारवटा काम हेर्दा स्पष्ट हुन्छ- भाषा आयोग केवल भाषा संरक्षण गर्ने सांस्कृतिक संस्था होइन; यो राष्ट्रिय भाषिक नीति निर्माण गर्ने संवैधानिक अनुसन्धानमूलक निकाय हो। हाम्रो देश भाषिक दृष्टिले फूलबारीमय छ तर प्रत्येक फूलहरूको स्याहार गर्न सकिएको छैन। संविधानले भाषा आयोगलाई फूलबारीको मालीको रूपमा परिकल्पना गरेको छ। तर आयोग आजसम्म वास्तविक माली बन्न सकेको छैन ?

संविधानले दिएको कार्यादेशलाई कार्यान्वयन गर्न भाषा आयोग ऐन, २०७४ निर्माण भयो। ऐनले आयोगलाई नेपालमा बोलिने मातृभाषाको पहिचान गर्ने तथा ती भाषाको संरक्षण, संवर्धन र विकासका लागि सङ्घ, प्रदेश तथा स्थानीय तहले अपनाउनुपर्ने नीतिगत वा संस्थागत उपायबारे सरकारलाई सिफारिस गर्ने जिम्मेवारी दिएको छ।

यसबाट एउटा महत्वपूर्ण कुरा स्पष्ट हुन्छ- भाषा संरक्षण काठमाडौँको कुनै कार्यालयको काम मात्र होइन। बरु यो त सङ्घ, प्रदेश र स्थानीय तहको साझा दायित्व हो। जुन भाषा गाउँमा जन्मिन्छ र परिवारमा हुर्किन्छ त्यसको संरक्षणमा आयोगले भूमिका खेल्नै पर्छ।

बाँकी पृष्ठ ३मा

## नेपालमा भाषा.........

विल्हेल्म फन हम्बोल्टले भाषालाई मानिसको संसार निर्माण गर्ने शक्तिसँग जोडेर हेरे । उनको विचारलाई सरल भाषामा भन्ने हो भने मानिसले भाषा मात्र बोल्दैनन्, भाषामार्फत उनीहरूले आफ्नो संसारलाई संरचना गर्छन् । एडवर्ड सापिर र बेन्जामिन ली ह्वोर्फको भाषिक सापेक्षताको चर्चित धाराले पनि भाषाले मानिसको संसारलाई कसरी वर्गीकरण गर्छ भन्ने विचार अघि सारेको छ ।

लुडविग विट्गेन्स्टाइनको प्रसिद्ध भनाइ छ- 'द लिमिट्स अफ माई ल्याङ्वेज मिन द लिमिट्स अफ माई वर्ल्ड ।' अर्थात्, मेरो भाषाको दायराले नै मेरो संसारको सीमा निर्धारण गर्छ । यसको अर्थ हो- यदि कुनै समुदायको भाषा कमजोर हुँदै गयो भने उसको संसार पनि साँघुरिँदै जान्छ ।

यी सबै चिन्तनबाट एउटै साझा निष्कर्ष निकाल्न सकिन्छ- भाषा मानिसको बाहिरी आवरण होइन; मानिसको चेतनाको संरचना हो ।

यसका साथै भाषा प्रेमको माध्यम मात्र होइन, सत्ताको माध्यम पनि हो । प्रशासनमा जुन भाषा हुन्छ, त्यसले राज्यसँग नजिक हुने अवसर पाउँछ । जुन भाषा विद्यालयमा हुन्छ, त्यसले ज्ञानमा पहुँच पाउँछ । जुन भाषा सञ्चारमाध्यममा हुन्छ, त्यसले सार्वजनिक बहसमा स्थान पाउँछ । जुन भाषा प्रविधिमा हुन्छ, त्यसले भविष्यमा प्रवेश गर्ने क्षमता प्राप्त गर्छ ।

यसैले भाषिक असमानता वास्तवमा सामाजिक असमानताको एउटा रूप बन्न सक्छ । कुनै नागरिकले अदालतमा आफ्नो कुरा बुझ्न नसक्नु, सरकारी कार्यालयमा आफ्नै भाषामा सेवा नपाउनु, बालबालिकाले विद्यालयमा आफूले पढ्ने पाठ नबुझ्नु केवल भाषिक समस्या होइनन् यी न्याय र अधिकारका प्रश्न हुन् ।

*भाषा आयोगको भविष्यको दायित्व*

अब मूल प्रश्न आउँछ- भाषा आयोगले आगामी दिनमा आफ्नो दायित्व कसरी निर्वाह गर्नुपर्छ ? भाषा आयोगले मूलतः निम्न काम गर्नुपर्छ । पहिलो, राष्ट्रिय भाषिक सर्वेक्षण गराउनु पर्छ । नेपालका अनेक भाषाको वास्तविक अवस्था के छ त्यसबारे खोज, अनुसन्धान र त्यसको संरक्षणमा भूमिका खेल्नु पर्छ ।

दोस्रो, लोपोन्मुख भाषाका लागि आपत्कालीन योजना अघि सार्नुपर्छ । सबै भाषालाई एउटै योजनाले संरक्षण गर्न सकिँदैन । त्यसैले भाषिक अनुसन्धान कार्यदल बनाएर लोपोन्मुख भाषाहरूको अनुसन्धान, मानकीकरण र पुनः उत्थान गर्न प्रयत्न गर्नुपर्छ ।

तेस्रो, भाषाको डिजिटल पुनर्जागरण गर्नुपर्छ । भविष्यको भाषा अब केवल पुस्तकालयमा सीमित हुने छैन त्यसभन्दा ज्यादा मोबाइलमा र डिजिटल आर्काइविङ गर्नुपर्ने हुन्छ । चौथो, नेपाली भाषामा कृत्रिम बुद्धिमत्ताको प्रवेश । २१औँ शताब्दीको सबैभन्दा ठुलो भाषिक चुनौतीमध्ये एक हो- कृत्रिम बुद्धिमत्तामा भाषाको उपस्थिति । भावी दिनमा जसको भाषा एआईले बुझ्दैन, त्यस भाषाका वक्ता डिजिटल ज्ञानको संसारबाट क्रमशः बाहिर पर्न सक्छन् ।

पाँचौँ, स्थानीय सरकारको भूमिका । भाषिक अधिकारको सबैभन्दा प्रभावकारी प्रयोग स्थानीय तहमा हुन सक्छ । स्थानीय सरकारले आफ्नो क्षेत्रका प्रमुख भाषाको- स्थानीय प्रशासनमा प्रयोग, सूचना प्रकाशन, सार्वजनिक सूचना बोर्ड, स्वास्थ्य सेवा, कृषि सेवा, विपद् सूचना, स्थानीय पाठ्यक्रम, लोक साहित्य सङ्कलन, भाषिक सङ्ग्रहालय, डिजिटल अभिलेख जस्ता क्षेत्रमा प्रयोग बढाउन सक्छ । विशेष गरेर विपद्को समयमा ।

छैटौँ, मातृभाषा र राष्ट्रिय एकताबिचको साइनो । कहिलेकाहीँ भाषिक विविधतालाई राष्ट्रिय एकताको चुनौतीका रूपमा बुझ्ने गरिन्छ तर यसको सम्बन्ध वास्तवमा यस विपरीत हुन्छ । अन्य मातृभाषाको संरक्षणको प्रसङ्ग आउँदा नेपाली भाषालाई कमजोर बनाउने सन्दर्भ पनि उठ्छ त्यसो होइन । नेपाली भाषा नेपाललाई जोड्ने महत्त्वपूर्ण सम्पर्क भाषा नै हो । नेपालमा नेपाली भाषाको विकल्प छैन । तथापि नेपाली शब्द भण्डारमा आएका विभिन्न शब्दहरू पनि नेपाली समाजको साझा सांस्कृतिक इतिहासको प्रमाण मान्नु पर्ने हुन्छ ।

*अन्त्यमा,*

अन्ततः भाषा आयोगको प्रश्न आयोगको प्रश्न मात्र होइन । हामी को हौँ भन्ने प्रश्न पनि हो । हामीले आफ्नो इतिहास कुन भाषामा सम्झन्छौँ ? आमाको माया कुन भाषामा सुन्छौँ ? बाल्यकालका गीत कुन भाषामा सम्झन्छौँ ? हजुरबा-हजुरआमाको कथा कुन भाषामा सुन्छौँ ? दुःख पर्दा कुन भाषामा कराउँछौँ ? प्रेम व्यक्त गर्दा कुन भाषामा बोल्छौँ ? यी प्रश्नको उत्तरमा हाम्रो पहिचान लुकेको हुन्छ ।

भाषा शब्दहरूको थुप्रो होइन । भाषा स्मृतिको घर हो । भाषा पहिचानको ऐना हो । भाषा सभ्यताको अभिलेख हो । भाषा ज्ञानको भण्डार हो । भाषा मानिसको आत्मीय आवाज हो । त्यसैले नेपालमा भाषा आयोगको भविष्यको दायित्व केवल नयाँ भाषा पहिचान गर्नु वा सरकारी कामकाजको भाषाका लागि सिफारिस गर्नुमा मात्र सीमित छैन ।

यसको महान् दायित्व भनेको नेपालको सम्पूर्ण भाषिक सभ्यताको संरक्षक, अनुसन्धानकर्ता, नीति निर्माता तथा भाषिक अभियन्ता जन्माउनु पनि हो । हामीले बुझ्नु पर्छ- एउटा भाषा मर्दा एउटा शब्द मात्र मर्दैन । एउटा संसार नै मौन हुन्छ । अर्को शब्दमा भन्दा भाषा बचाउनु भनेको अतीतलाई जोगाउनु मात्रै होइन भविष्यलाई बोल्ने अधिकार दिनु हो । साभारः रातोपाटीडटकम

# धनुषामा ३६५ परिवारले पाए जग्गाधनी पुर्जा

### नाप नक्सा सम्पन्न भएर पनि वर्षौंदेखि पुर्जाविहीन परिवारलाई स्वामित्व दिलाउने अभियान तीव्र

दैनिक समाचारदाता

जनकपुरधाम, २९ भदौ । धनुषामा लामो समयदेखि जग्गाधनी प्रमाण पुर्जाविहीन अवस्थामा रहेका परिवारलाई पुर्जा वितरण गर्ने अभियानलाई तीव्रता दिइएको छ । नाप नक्सा सम्पन्न भएर पनि दर्ता प्रक्रिया पूरा हुन नसकेका गाउँ ब्लक तथा स्ववासी प्रकृतिका जग्गाको समस्या समाधान गर्दै नापी कार्यालय धनुषाले पुर्जा वितरणलाई प्राथमिकताका साथ अघि बढाएको हो ।

यसैक्रममा सोमबार हंसपुर नगरपालिका-५, साविक सुगा निकास गाविसका ३ सय ६५ परिवारलाई जग्गाधनी प्रमाण पुर्जा वितरण गरिएको छ । उक्त क्षेत्रको नाप नक्सा २०७२ सालमै सम्पन्न भए पनि विभिन्न कारणले जग्गा दर्ता हुन सकेको थिएन ।

नापी कार्यालय धनुषाका प्रमुख उमेशकुमारका अनुसार नाप नक्सा सम्पन्न भएका तर दर्ता प्रक्रिया बाँकी रहेका स्ववासी



तथा गाउँ ब्लक क्षेत्रका जग्गाको समस्या समाधान गरी पुर्जा वितरणको काम अघि बढाइएको हो ।

स्ववासी जग्गा दर्ता गरी पुर्जा वितरण भएपछि वर्षौंदेखि जग्गाको स्वामित्व स्थापित हुन नसकेका परिवारले कानुनी रूपमा आफ्नो सम्पत्तिको अधिकार प्राप्त गर्ने उनले बताए । यसबाट भूमिसम्बन्धी समस्या समाधान तथा सुकुम्बासी समस्या न्यूनीकरणमा समेत सहयोग पुग्ने उनको भनाइ छ । पुर्जा प्राप्त भएपछि जग्गा बैंक तथा वित्तीय संस्थामा धितो राखेर ऋण लिन, कानुनी रूपमा बिक्री-वितरण गर्न तथा अन्य आर्थिक कारोबारमा प्रयोग गर्न सहज हुने प्रमुख उमेशकुमारले बताए । जग्गाको स्वामित्व औपचारिक रूपमा स्थापित भएपछि राज्यले भूमिकर तथा अन्य राजस्व संकलन गर्ने आधारसमेत तयार हुने उनले बताए ।

उनका अनुसार स्ववासीको लगत तयार हुनुका साथै गाउँ ब्लक क्षेत्रभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षणमा समेत पुर्जा वितरणले सहयोग पुग्नेछ । स्थानीय तहलाई व्यवस्थित बसोबास क्षेत्रको योजना बनाउन र दीर्घकालीन विकासका कार्यक्रम अघि बढाउन पनि यसले आधार तयार गर्ने उनले बताए ।

धनुषामा पुर्जा वितरण अभियानअन्तर्गत क्षिरेश्वरनाथ नगरपालिका-१ र २, साविक रमदैया भवाडी गाविसका ३ सय ७५ परिवारलाई भदौ ३१ गते जग्गाधनी प्रमाण पुर्जा वितरण गर्ने तयारी गरिएको छ ।

भदौ महिनामा सबैला र हंसपुर तथा त्यसपछि क्षिरेश्वरनाथ नगरपालिकामा पुर्जा वितरणको काम सम्पन्न हुँदा कुल १ हजार १ सय २५ परिवार लाभान्वित हुने नापी कार्यालयले जनाएको छ ।

नापी कार्यालयले नाप नक्सा सम्पन्न भएर पनि दर्ता प्रक्रिया बाँकी रहेका धनुषाका अन्य गाउँ ब्लक तथा स्ववासी प्रकृतिका जग्गाको विवरण अध्ययन गरी आवश्यक कानुनी प्रक्रिया पूरा गरेर पुर्जा वितरणलाई निरन्तरता दिने जनाएको छ ।

## भिठामोड......

५८ लाख ३५ हजार २०० रुपैयाँ मूल्य बराबरको ४ करोड ८९ लाख ९१ हजार ६६० किलोग्राम हरियो तरकारी आयात भएको तथ्यांकमा उल्लेख छ ।

कृषिजन्य वस्तुको आयातमा ठूलो रकम बाहिरिँदा स्वदेशी उत्पादन कमजोर हुनुका साथै कृषि क्षेत्रमा परनिर्भरता बढ्ने किसानहरूको चिन्ता छ । नेपालमै उत्पादनको सम्भावना रहेका कृषि उपजसमेत भारतबाट आयात गर्नुपर्ने अवस्थाले कृषि उत्पादन र बजार व्यवस्थापनमा सरकारको ध्यान पुग्न नसकेको उनीहरूको गुनासो छ ।

किसानहरूले संघीय, प्रदेश र स्थानीय सरकारले कृषि उत्पादन वृद्धि, उत्पादन लागत घटाउने, सिँचाइ तथा कृषि सामग्रीको सहज उपलब्धता र उत्पादित वस्तुको बजार सुनिश्चित गर्न विशेष प्राथमिकता दिनुपर्ने बताएका छन् । स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्दै कृषि उपजको बजारीकरण व्यवस्थित गर्न सके आयात प्रतिस्थापनसँगै ठूलो रकम विदेशिनबाट रोक्न सकिने उनीहरूको भनाइ छ ।

## चौठचन्द्र.....

परम्परा रहेको छ । चन्द्रपूजा सम्पन्न भएपछि व्रत समापन गर्ने चलन छ । चौठचन्द्र पर्वसँग भगवान् कृष्णको धार्मिक प्रसङ्गसमेत जोडिएको छ । द्वापर युगमा भगवान् कृष्णमाथि चोरीको आरोप लागेपछि त्यसबाट मुक्त हुन फलफूलसहित चन्द्रदर्शन गरेको धार्मिक विश्वासका आधारमा यो पर्व मनाउन थालिएको जनश्रुति छ ।

मिथिलाञ्चलमा चौठचन्द्र पर्वको सुरुआत तत्कालीन दरभंगा नरेश हेमांगद ठाकुरले गरेको जनविश्वास छ । ज्योतिषशास्त्रका ज्ञाताका रूपमा परिचित ठाकुरले पर्वको सुरुआत गरेपछि मिथिलाञ्चलका घरघरमा चौठचन्द्र मनाउने परम्परा बसेको मानिन्छ ।

यसैगरी, महिलाहरूको महत्वपूर्ण पर्वका रूपमा रहेको हरितालिका तीज पनि मिथिलाञ्चलमा उल्लासपूर्वक मनाइएको छ । महिलाहरूले निराहार तथा फलाहार व्रत बसेर भगवान् शिव र पार्वतीको पूजा( आराधना गरेका थिए । विभिन्न शिवालय तथा धार्मिकस्थलमा बिहानैदेखि पूजाआजा गर्ने महिलाहरूको भीड लागेको थियो ।

तीजका अवसरमा महिलाहरू रातो सारी तथा परम्परागत पहिरनमा सजिएर पूजा( आराधनासँगै नाचगान र भेटघाटमा सहभागी भएका थिए । विवाहित महिलाले श्रीमान्को दीर्घायु, सुख(समृद्धि र पारिवारिक सुखको कामना गर्दै तथा अविवाहित महिलाले योग्य जीवनसाथीको कामना गर्दै तीजको व्रत बस्ने धार्मिक मान्यता छ ।

चौठचन्द्र र तीज एकै दिन परेकाले यस वर्ष मिथिलाञ्चलमा धार्मिक आस्था, पारिवारिक भेटघाट र सांस्कृतिक उत्सवको रौनक थपिएको थियो । दुवै पर्वले धार्मिक आस्थासँगै आपसी सद्भाव, पारिवारिक एकता र मौलिक संस्कृतिको संरक्षणमा योगदान पुऱ्याउँदै आएको संस्कृतिविद्हरू बताउँछन् ।

## जलवायु.......

खानेपानीमा थप दबाब सिर्जना भएको छ ।

मनिलामा आयोजना हुने फोरममा जलवायु अनुकूलनका अन्तर्राष्ट्रिय अभ्यास, लगानीका सम्भावना तथा विभिन्न देश र सरकारबीच सहकार्यका विषयमा छलफल हुने बताइएको छ । फोरममार्फत मधेश प्रदेशले आफ्ना जलवायुजन्य जोखिम र अनुकूलनका प्राथमिकता अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्ने अवसर पाउने अपेक्षा गरिएको छ ।

भ्रमणका क्रममा बाढी तथा डुबान नियन्त्रण, पानी संरक्षण, सिँचाइ प्रणालीको सुधार, जलवायु अनुकूल कृषि प्रविधि, भूमिगत पानी संरक्षण तथा अत्यधिक गर्मीबाट हुने जोखिम न्यूनीकरणका क्षेत्रमा आवश्यक ज्ञान, प्रविधि र लगानीका सम्भावनाबारे अनुभव आदान-प्रदान हुने जनाइएको छ ।

नेपाली कांग्रेसका नेता चन्द्रशेखरकुमार यादवले मधेशले जलवायु परिवर्तनबाट भोगिरहेको जोखिमलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्दै अनुकूलन तथा जोखिम न्यूनीकरणका क्षेत्रमा लगानी र सहकार्यको सम्भावना खोज्न भ्रमण उपयोगी हुने बताउनुभयो ।

"मधेशका लागि जलवायु परिवर्तन अब भविष्यको सम्भावित जोखिम मात्र नभई वर्तमानकै चुनौती बनिसकेको छ," उहाँले भन्नुभयो, "बाढी, डुबान र सुख्खासँगै कृषि तथा खानेपानी क्षेत्रमा परेको असरलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय अनुभव र लगानी उपयोगी हुन सक्छ ।"

उहाँका अनुसार जलवायु परिवर्तनलाई विपद् व्यवस्थापनमा मात्र सीमित नराखी कृषि रूपान्तरण, खानेपानी, सिँचाइ, पूर्वाधार, सहरी योजना तथा दिगो विकाससँग जोडेर अघि बढाउन आवश्यक छ ।

मधेशमा जलवायु अनुकूलनका लागि बाढी नियन्त्रण तथा पानी संरक्षणका संरचना निर्माण, सिँचाइ प्रणालीको आधुनिकीकरण, जलवायु अनुकूल कृषि प्रविधिको विस्तार तथा भूमिगत पानी संरक्षणलगायत क्षेत्रमा थप लगानी आवश्यक देखिएको छ ।

अन्तर्राष्ट्रिय फोरमबाट प्राप्त ज्ञान, प्रविधि र सहकार्यका अवसरलाई प्रदेशको नीति, योजना तथा बजेटमा समेटेर कार्यान्वयन गर्न सके मात्र भ्रमणको उपलब्धि प्रदेशले प्रत्यक्ष रूपमा हासिल गर्न सक्ने देखिन्छ । त्यसका लागि फोरममा प्रस्तुत हुने विषय तथा प्राप्त हुने अवसरलाई मधेशका जलवायु अनुकूलनका प्राथमिकतासँग जोड्नु महत्वपूर्ण हुनेछ ।

मधेशमा जलवायुजन्य जोखिम बढ्दै गएकाले 'अनुकूलनका लागि लगानी'लाई विकास योजनाको अभिन्न हिस्साका रूपमा अघि बढाउनुपर्ने आवश्यकता देखिएको छ ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि- Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# मिथिलाञ्चलमा बढ्यो तीजको रौनक, मौलिकता जोगाउने चुनौती

## मैथिल महिलामा पनि बढ्दै आकर्षण; धार्मिक आस्था, सांस्कृतिक आदानप्रदानसँगै तडकभडक बढेकोमा चिन्ता

दैनिक समाचारदाता

जनकपुरधाम, २९ भदौ । हिन्दु धर्मावलम्बी महिलाले मनाउने हरितालिका तीज पछिल्लो समय मिथिलाञ्चलमा समेत लोकप्रिय बन्दै गएको छ । विगतमा तराई( मधेशमा पहाडी समुदायका महिलामा बढी सीमित रहेको तीज अहिले मैथिल समुदायका महिलाले समेत उत्साह र श्रद्धापूर्वक मनाउन थालेका छन् ।

तीजका अवसरमा जनकपुरधामका शिव मन्दिरमा बिहानैदेखि व्रतालु महिलाको भीड लागेको थियो । मिथिलाञ्चलका विभिन्न शिवालय तथा मन्दिरमा पनि महिलाहरू सामूहिक रूपमा पूजा(आराधना गर्दै तीज मनाएका थिए । व्रतालु महिलाले भगवान् शिवको पूजा तथा उपासना गर्दै पति र सन्तानको दीर्घायु, परिवारको सुख, शान्ति तथा समृद्धिको कामना गरेका थिए ।

धार्मिक मान्यताअनुसार भगवान् शिव र पार्वतीको आराधनासँग जोडिएको तीजमा व्रत बस्ने परम्परा छ । पछिल्लो समय मैथिल समुदायका महिलामा समेत तीजको आकर्षण बढ्दै जानुलाई स्थानीय महिलाले विभिन्न समुदायबीचको सांस्कृतिक आदानप्रदान र सामाजिक सद्भावको उदाहरणका रूपमा लिएका छन् ।

तर, तीजको विस्तारसँगै यसको मौलिकता र सांस्कृतिक पक्ष भने जोगाउनुपर्ने आवाज पनि उठ्न थालेको छ । सरोकारवालाले तीज धार्मिक आस्था र



परम्परासँग जोडिएको पर्व भए पनि पछिल्लो समय अत्यधिक तडकभडक, देखावटी खर्च र मनोरञ्जनमा मात्र सीमित हुँदै गएको भन्दै चिन्ता व्यक्त गरेका छन् ।

संस्कृतिविद् वीणा पौड्यालले तीजको धार्मिक तथा सांस्कृतिक महत्वलाई जोगाउँदै समयक्रममा थपिएका विकृति हटाउनुपर्ने बताइन् । उनका अनुसार तीज शिव र पार्वतीसँग जोडिएको शास्त्रीय पर्व हो, जसले जीवनप्रतिको सम्मान, स्वास्थ्यप्रतिको सचेतना र परोपकारी भावनाको सन्देशसमेत दिन्छ ।

कवि तथा नियात्राकार भवानी खतिवडाले तीज पहिले महिलाले आफ्ना दुःख, पीडा र अनुभव साटासाट गरेर मन हलुका बनाउने अवसरका रूपमा रहेको भए पनि पछिल्लो समय देखावटी र तडकभडकतर्फ उन्मुख भएको बताए । उनका अनुसार महिलाले बाहिरी गरगहना र पहिरन प्रदर्शन गर्नुभन्दा आर्थिक तथा सामाजिक रूपमा आत्मनिर्भर बन्ने दिशामा तीजलाई उपयोग गर्नुपर्छ ।

तीजका नाममा महिनौँसम्म पार्टीप्यालेसमा जमघट गर्ने, अनावश्यक खर्च गर्ने र अस्वस्थकर खानपान गर्ने प्रवृत्तिले पर्वको मौलिक स्वरूप कमजोर बनाउने खतिवडाको भनाइ छ । उनले तीजलाई मनोरञ्जनको माध्यममा मात्र सीमित नगरी महिला सशक्तीकरण, चेतना अभिवृद्धि र आर्थिक आत्मनिर्भरताको अवसर बनाउनुपर्नेमा जोड दिए ।

त्रिभुवन विश्वविद्यालयका प्राध्यापक ज्ञानु पाण्डेले पनि तीजमा देखिएका विकृति र विसङ्गतिबारे खुला छलफल तथा विमर्श आवश्यक रहेको बताए । समयअनुसार तीजको स्वरूप परिवर्तन हुनु स्वाभाविक भए पनि त्यसलाई नयाँ चेतना प्रवाह गर्ने अवसरका रूपमा विकास गर्नुपर्ने उनको भनाइ छ ।

"नारीको दुःखको स्वरूप फेरिएको छ, तर दुःख सकिएको छैन," पाण्डेले भने, "मनोरञ्जनसँगै नयाँ चेतना र बहस ल्याउन जरुरी छ ।"

उनका अनुसार तीजमा हुने सामूहिक जमघटलाई महिला अधिकार, शिक्षा, स्वास्थ्य, आर्थिक आत्मनिर्भरता, सामाजिक समानता तथा समसामयिक विषयमा छलफल गर्ने मञ्चका रूपमा समेत उपयोग गर्न सकिन्छ ।

मिथिलाञ्चलमा तीजको बढ्दो लोकप्रियताले यहाँको सामाजिक तथा सांस्कृतिक विविधतालाई थप जीवन्त बनाएको छ । विभिन्न समुदायका महिलाले एकअर्काका सांस्कृतिक परम्परा आत्मसात् गर्दै पर्व मनाउनु सकारात्मक भए पनि पर्वको मौलिकता र सामाजिक सन्देशलाई जोगाउनु उत्तिकै आवश्यक देखिएको छ ।

तीजलाई केवल नयाँ पहिरन, खानपान र मनोरञ्जनको पर्व नभई भेटघाट, अनुभव आदानप्रदान, आत्मनिर्भरता र नयाँ चेतना निर्माणको अवसर बनाउन सके यसको सांस्कृतिक महत्व अझ बलियो हुने सरोकारवालाको धारणा छ ।

# जलवायु अनुकूलनका लागि लगानी खोज्दै मुख्यमन्त्री यादव मनिला प्रस्थान

## अन्तर्राष्ट्रिय फोरममा मधेशका जलवायु जोखिम र अनुकूलनका प्राथमिकता प्रस्तुत गर्ने; कृषि, सिँचाइ, पानी संरक्षण र जोखिम न्यूनीकरणमा सहकार्यको अपेक्षा

दैनिक समाचारदाता

महोत्तरी, २९ भदौ । मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण यादव जलवायु परिवर्तनका कारण प्रदेशले भोगिरहेका जोखिम, अनुकूलनका उपाय तथा सम्भावित लगानीका विषयमा अन्तर्राष्ट्रिय अनुभव आदान-प्रदान गर्न फिलिपिन्सको राजधानी मनिला प्रस्थान गर्नुभएको छ ।

नेपाल सरकार मन्त्रिपरिषद्को भदौ २५ गतेको निर्णयअनुसार मुख्यमन्त्री यादवसँगै कृषि निर्देशनालयका निर्देशक जितेन्द्र यादव पनि मनिला जानुभएको छ । उहाँहरू सेप्टेम्बर १५ र १६ मा आयोजना हुने 'थर्ड क्लाइमेट एडप्टेसन इन्भेस्टमेन्ट प्लानिङ फोरम-२०२६' मा सहभागी हुनुहुनेछ ।

मुख्यमन्त्री यादव र निर्देशक यादव गत राति थाइ एयरमार्फत मनिला प्रस्थान गर्नुभएको हो । उहाँहरूको भ्रमणबाट नेपाल सरकार तथा मधेश प्रदेश सरकारलाई थप आर्थिक दायित्व नपर्ने बताइएको छ ।

जलवायु परिवर्तनका कारण मधेश प्रदेश पछिल्लो समय बाढी, डुबान, सुख्खा, अत्यधिक गर्मी, कृषि उत्पादनमा अस्थिरता तथा भूमिगत पानीको सतहमा आएको परिवर्तनजस्ता बहुआयामिक जोखिमको सामना गरिरहेको छ । यसबाट कृषि, खानेपानी, जनस्वास्थ्य तथा स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव परेको छ ।

कृषिमा निर्भर मधेशमा अनियमित वर्षा, समयमा पानी नपर्नु, छोटो अवधिमा अत्यधिक वर्षा हुनु तथा लामो समयसम्म खडेरी पर्नेजस्ता घटनाले कृषि उत्पादन प्रणालीलाई थप जोखिममा पारेका छन् । बाढी र डुबानबाट खेतीयोग्य जमिन तथा बालीमा क्षति पुग्दै आएको छ भने अत्यधिक गर्मी र सुख्खाका कारण कृषि तथा

बाँकी पृष्ठ ३मा


# आशय पत्र आह्वान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिती २०८३/०५/२८)

प्लान इन्टरनेशनल नेपालको सहयोगमा सामुदायिक परिवार कल्याण संघ (CFWA) धनुषा द्वारा संचालित सशक्त बालिका परियोजना (GSS) र बाल प्रत्याभुत व्यवस्थापन (Child Sponsorship Management) परियोजना धनुषा जिल्लाको विभिन्न ५ वटा स्थानिय तहमा सचांलनमा रहेको छ । यस परियोजना संग सम्बन्धित किशोर कशोरीहरू तथा युवाहरुको लागि 'युवा संजालको संस्थागत क्षमता अभिवृद्धि तालिम (Youth Networks institutional capacity building trainings)' सञ्चालन गर्न आवश्यक रहेको हुदा योग्य तथा अनुभवी प्रशिक्षक, सेवा प्रदायक संस्था तथा परामर्शदाता बाट सेवा खरिद गर्न यो सूचना प्रकाशन गरिएको छ । साथै उल्लेखित कार्य सम्पादन गर्न इच्छुक व्यक्ति तथा फर्महरुबाट आजको मितिले ७ (सात) दिन भित्र यस संस्थाको ठेगानामा आशय पत्र पेश गर्न अह्वान गरिन्छ ।

| क्र.सं. | सेवाको विवरण | कैफियत |
|---|---|---|
| १. | युवा संजालको संस्थागत क्षमता अभिवृद्धि तालिम (Youth Networks institutional capacity building trainings) संचालन | ३ दिनको हिसावले २ स्थानमा |

**शर्तहरू**

१. आशाय पत्र पेश गर्ने व्यक्ति तथा फर्महरुबाट सूचना प्रकाशन भएको मतिले ७ (सात) दिन भित्र यस संस्थाको कार्यालयमा मिति २०८३ असोज ३ गते कार्यालय समय ५:०० बजे भित्र आशय पत्र पेश गर्नु पर्ने छ ।

२. आवश्यक योग्यता तथा अनुभवः
व्यक्तिगत परामर्शदाताको हकमा (Qualifications Experience for Individual consultant):
**शैक्षिक योग्यता** : सामाजिक विज्ञान (Sociology), सामाजिक कार्य (Social Work), विकास अध्ययन (Development Studies), सार्वजनिक प्रशासन (Public Administration) वा सोसरहको विषयमा कम्तीमा स्नातक (Bachelor's Degree) उत्तीर्ण भएको (स्नातकोत्तर तहलाई प्राथमिकता दिइनेछ साथै वायो डाटा, नेपाली नागरिक्ता को प्रतिलिपी,सम्वन्धित कार्यअनुभवको प्रमाणपत्र को प्रतिलिपी हस्ताक्षार गरिएको Self Declaration form and child safe guarding policy.
**संस्थागत परामर्शदाता को हकमा** : फर्म दर्ताको (प्रमाणपत्र, प्यान, भ्याट दर्ताको प्रमाण पत्र, कर चुक्ता प्रमाण(पत्र (आ.व.०८१/८२), तथा अनुभवको प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

३. आशय पत्रमा प्रस्तावित प्राविधिक प्रस्तावना तथा वितिय प्रस्तावना छुटा छुटै तयार गरी पेश गर्नु पर्नेछ । केरमेट गरेको वा टिपेक्स लागेको अंक मान्य हुने छैन ।

४. आशय पत्र खाम बन्द गरी तल उल्लेखित ठेगाना मा बुझाउन सकिने छ वा तथा उल्लेखित e-mail मा पनि पठाउन सकिने छ ।

५. प्रस्तावना पत्रमा दर भाउ राख्न छुटाएका, म्याद नाघी आएका, सर्त रहित र माग गरे बमोजिमका कागजातहरु संलग्न नभएका पत्र माथि कुनै कारवाही गरिने छैन ।

६. यस बाहेक थप जानकारी आवश्यक परेमा तल उल्लेखित सम्पर्क नम्बरमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

७. आशय पत्र कारण खुलाई वा नखुलाई पुरै अथवा आंशिक स्विकृत गर्ने वा पुरै रद्ध गर्ने सर्वअधिकार सामुदायिक परिवार कल्याण संघको खरिद समितिमा निहित रहनेछ ।

८. आशय पत्रसंग Self Declaration form and child safe guarding policy पनि सही छाप गरी पेश गर्नु पर्नेछ । उक्त फर्म र तालिम सम्वन्धि कार्य शर्त Terms या Reference (TOR) यस संस्थाको कार्यालयबाट उपलब्ध गराईनेछ ।

आशय पत्र पेश गर्ने ठेगाना:

**सामुदायिक परिवार कल्याण संघ,**

जनकपुरधाम (१२ शारदानगर (राराब क्याम्पस देखि पूर्व), धनुषा, मधेश प्रदेश नेपाल

फोन नं. ०४१(४२५१०३

E-mail: cfwadhanusha@gmail.com


# भोटेकोशी बाढी प्रभावितको पुनःस्थापनामा स्रोतको कमी हुन दिँदैनौँ

## प्रधानमन्त्री शाहद्वारा प्रभावित क्षेत्रमा सुरक्षित र वैज्ञानिक बस्ती बसाउने तयारी, जग्गा पहिचान गर्न स्थानीय तहलाई आग्रह

दैनिक समाचारदाता

काठमाडौं २९ भदौ । प्रधानमन्त्री वालेन्द्र (बालेन) शाहले रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावितहरूका पुनःस्थापनाका लागि स्रोतको कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गरेका छन् ।



बाढी प्रभावित क्षेत्रका जनप्रतिनिधिसँग सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलमा प्रधानमन्त्री शाहले पुनःस्थापनाका लागि सरकारले आफूसँग उपलब्ध स्रोतसाधनका साथै दातृ निकायबाट प्राप्त सहयोगसमेत परिचालन गर्ने तयारी गरिरहेको बताए ।

उनले प्रभावित स्थानीय तहका जनप्रतिनिधिसँग प्रत्यक्ष छलफल गर्दा विपद्बाट प्रभावित समुदायको मनोबल उच्च राख्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । विपद्का बेला संघ, प्रदेश र स्थानीय तहबीच तत्काल समन्वय भएर उद्धार तथा राहतका काम अघि बढेकोमा उनले खुसी व्यक्त गरे ।

प्रधानमन्त्री शाहले भने, "यसअघि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय हुँदैन भन्ने सुन्दै आएका थियौँ, तर यस विपद्मा हामी एकै ठाउँमा उभियौँ, मिलेर काम गर्‍यौँ ।"

सरकारले प्रभावित क्षेत्रमा जतिसक्दो चाँडो सडक सञ्जाल पुनःस्थापना गर्ने गरी काम गरिरहेको उनले बताए । सडक सञ्जाल सञ्चालनमा आएपछि प्रभावित नागरिकलाई आफ्नो दैनिक जीवन पूर्ववत् अवस्थामा फर्काउन सहज हुने उनको भनाइ छ ।

प्रधानमन्त्री शाहले बाढी आउनुअघिदेखि नै नदी तटीय क्षेत्रमा रहेका बस्ती जोखिममा रहेको विषय उठाउँदै आएको बताए । अब बाढी प्रभावित तटीय क्षेत्रमा पुनः बस्ती बसाउन सम्भव नहुने भन्दै उनले सुरक्षित स्थानमा व्यवस्थित बस्ती निर्माणको तयारी सुरु गरिएको जानकारी दिए ।उनका अनुसार नयाँ बस्ती निर्माण गर्दा प्रभावित नागरिकको रोजगारी, शिक्षा, स्वास्थ्य, संस्कृति तथा सामाजिक सम्बन्धलाई समेत ध्यान दिनुपर्नेछ । खेतीयोग्य जमिन संरक्षण गर्दै वैज्ञानिक र सुरक्षित ढंगले बस्ती व्यवस्थापन गर्नुपर्नेमा उनले जोड दिए ।

यसका लागि नजिकैको सुरक्षित स्थानमा उपयुक्त जग्गा पहिचान गरी संघीय सरकारलाई सिफारिस गर्न प्रधानमन्त्री शाहले स्थानीय जनप्रतिनिधिलाई आग्रह गरेका छन् । प्रभावित नागरिकलाई पूर्ववत् जीवनयापनको अवसर उपलब्ध हुने गरी पुनःस्थापनाको योजना बनाउनुपर्ने उनको भनाइ छ ।

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४